September 25th, 2024

Wednesday

National News

<u>प्रमुख समाचार:</u>

1. जम्मू कश्मीरमा विधानसभा चुनावको दोस्रो चरणको मतदान सम्पन्न
2. हरियाणा विधानसभाको चुनावी अभियान तीव्र गतिमा
3. श्रम मन्त्रालयले सार्वजनिक गरेको पछिल्लो सर्वेक्षण अनुसार गत वर्ष मुलुकमा बेरोजगारी दरमा उल्लेख्य कमी आएको ठहर
4. एसिया पावर इन्डेक्समा जापानलाई पछि पार्दै भारत एसियाको तेस्रो शक्तिशाली देश बन्न सफल

## 1. J & K Voter Turnout

जम्मू कश्मीर विधानसभा चुनावको दोस्रो चरणमा आज साँझ 5 बजेसम्म 54 प्रतिशत मतदान भएको खबर छ। मतदान केन्द्रमा मतदानका लागि उत्तेजित जनताको लामो ताँती देखिएको थियो । बिहान सात बजेदेखि मतदान सुरु भएको थियो । यस चरणमा छ जिल्लाका २६ सिटमा मतदानका लागि तीन हजार ५ सय दुई मतदान केन्द्र तोकिएका थिए । यी जिल्लाहरू जम्मू क्षेत्रको रियासी, राजौरी र पुन्च र कश्मीर उपत्यकाको श्रीनगर, बडगाम र गन्दरबल हुन्। करिब २५ लाख ७८ हजार मतदाता रहेको यस चुनावी क्षेत्रमा २३९ उम्मेदवार चुनावी मैदानमा छन्। देशभरका २४ मतदान केन्द्रमा १५ हजार पाँच सयभन्दा बढी कश्मीरी पण्डितले मतदान गर्न सक्ने व्यवस्था मिलाइएको थियो। उल्लेख्य, धारा ३७० हटाएपछि जम्मू–कश्मीरमा पहिलो पटक विधानसभा चुनाव हुँदैछ।

## 2. Haryana Election

हरियाणामा चुनावी अभियान तिब्र रुपमा चलिरहेको छ । उम्मेदवारको समर्थनमा आज विभिन्न दलका स्टार प्रचारकले जनसभालाई सम्बोधन गरिरहेका छन् । प्रधानमन्त्री र भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री नरेन्द्र मोदीले सोनीपतको गोहानामा २२ विधानसभा क्षेत्रका उम्मेदवारहरूको पक्षमा जन आशीर्वाद रैलीलाई सम्बोधन गर्नुभयो। श्री मोदीले भाजपा सरकार अन्तर्गत हरियाणाले उद्योग र कृषि जस्ता क्षेत्रहरूमा शीर्ष राज्यहरूमा आफ्नो स्थान बनाएको बताउनुभयो।

## 3. VP – Trade Show

उपराष्ट्रपति श्री जगदीप धनखरले आज उत्तर प्रदेशको ग्रेटर नोएडामा यूपी अन्तर्राष्ट्रिय व्यापार शोको दोस्रो सत्रको उद्घाटन गर्नुभयो। कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले उत्तर प्रदेशमा लघु, साना तथा मझौला उद्यम क्षेत्रको विकासमा उल्लेख्य वृद्धि भएको बताउनुभयो। यस अवसरमा लघु, साना तथा मझौला उद्योग मन्त्री श्री जीतन राम मांझी र उत्तर प्रदेशका मुख्यमन्त्री श्री योगी आदित्यनाथ पनि उपस्थित हुनुहुन्थ्यो। श्री माँझीले यस क्षेत्रका लागि देशमा भइरहेको कामको उल्लेख गर्नुभयो। हाम्रो संवाददाताका अनुसार भियतनाम यस कार्यक्रमको साझेदार देश रहेको छ। पाँच दिनसम्म चल्ने यस कार्यक्रममा ७० देशका तीन सय पचास प्रदर्शक सहभागी छन्।

## 4. Employment Rate

श्रम मन्त्रालयले सार्वजनिक गरेको पछिल्लो सर्वेक्षण अनुसार गत वर्ष मुलुकमा बेरोजगारी दरमा उल्लेख्य कमी आएको छ। हरियाणा जस्ता राज्यहरूले यस दिशामा उल्लेखनीय प्रगति गरेका छन्। सर्वेक्षण प्रतिवेदन अनुसार २०२३-२४ मा राष्ट्रिय औसत बेरोजगारी दर तीन दशमलव दुई प्रतिशत थियो। यस अवधिमा सन् २०२२-२३ को तुलनामा पाँच दशमलव एक प्रतिशतले कमी आएको छ। बेरोजगारी दर सबैभन्दा धेरै हरियाणा, तमिलनाडु, छत्तीसगढ र मध्य प्रदेशमा घटेको छ।

## 5. Make in India -DPIIT

उद्योग तथा आन्तरिक व्यापार प्रवर्द्धन विभाग-मेक इन इन्डियाका सचिव श्री अमरदीप सिंह भाटियाले मेक इन इन्डिया पहलले उत्पादन, पूर्वाधार, रक्षा र निर्यातमा उल्लेख्य उपलब्धि हासिल गरेको बताउनुभएको छ। पहलको दश वर्ष पूरा भएको अवसरमा आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै श्री भाटियाले कार्यक्रम अन्तर्गत उत्पादनसँग सम्बन्धित प्रोत्साहन योजना, एफडीआई सुधार र पूर्वाधार विकासले स्वदेशी तथा विदेशी लगानीलाई सफलतापूर्वक आकर्षित गरेको बताउनुभयो। उहाँले मेक इन इण्डिया पहल अन्तर्गत अटोमोबाइल, दूरसञ्चार र औषधि क्षेत्रमा सबैभन्दा बढी प्रत्यक्ष वैदेशिक लगानी बढेको बताउनुभयो।

## 6. UNSC - India

चिलीका राष्ट्रपति श्री गेब्रियल बोरिस फन्टले संयुक्त राष्ट्र सुरक्षा परिषदमा भारतको स्थायी सदस्यताको वकालत गर्नुभएको छ। उहाँले सन् १९४५ मा संयुक्त राष्ट्र संघको स्थापना भएदेखि नै विश्वमा परिवर्तन आएको उल्लेख गर्दै वर्तमान विश्व परिस्थितिमा ठूलो परिवर्तन आएको पनि बताउनुभयो। उहाँले भारत, ब्राजिल र कम्तीमा एक अफ्रिकी राष्ट्रले पनि संयुक्त राष्ट्र सुरक्षा परिषद्को सदस्यता पाउनु पर्ने बताउनुभयो। उहाँले यस संस्थाको सुधारमा राजनीतिक इच्छाशक्तिको मात्र अभाव रहेको बताउनुभयो।

## 7. AIMS Foundation Day

स्वास्थ्य तथा परिवार कल्याण राज्यमन्त्री श्री प्रतापराव जाधवले विगत १० वर्षमा मुलुकको स्वास्थ्य क्षेत्रमा उल्लेख्य वृद्धि भएको बताउनुभएको छ। आज नयाँ दिल्लीमा अखिल भारतीय आयुर्विज्ञान संस्थान-एम्सको ६९ औं स्थापना दिवसलाई सम्बोधन गर्दै श्री जाधवले जनतालाई सस्तोमा स्वास्थ्य सेवा उपलब्ध गराउन सरकारले बलियो चिकित्सा पूर्वाधार निर्माण गरेको बताउनुभयो। आकाशवाणीसँगको विशेष भेटमा एम्सका निर्देशक डा एम श्रीनिवासले एम्सले ६९ वर्ष पूरा भएको सम्झनामा एक प्रदर्शनी पनि आयोजना गरिएको बताउनुभयो। यो प्रदर्शनी सेप्टेम्बर २७ गतेसम्म चल्नेछ।

## 8. Jharkhand Chief Justice

न्यायाधीश एम.एस. रामचन्द्र रावले आज झारखण्ड उच्च अदालतको मुख्य न्यायाधीशको रूपमा शपथ लिनुभएको छ। राज्यपाल श्री सन्तोष कुमार गंगवारले राँचीको राजभवनमा न्यायाधीश श्री रावलाई पद तथा गोपनियताको सपथ ग्रहण गराउनुभयो। मुख्यमन्त्री श्री हेमन्त सोरेन, उहाँका मन्त्रीमण्डलका सदस्यहरू लगायत धेरै न्यायाधीशहरू पनि समारोहमा उपस्थित थिए।

## 9. Asia Power Index

एसिया पावर इन्डेक्समा जापानलाई पछि पार्दै भारत एसियाकै तेस्रो शक्तिशाली राष्ट्र बनेको छ। सन् २०२४ को रिपोर्ट अनुसार कोभिडपछि भारतले आफ्नो आर्थिक वृद्धिको सम्भावना ४ दशमलव २ अंकले बढाएको छ। प्रतिवेदनमा भारतले भविष्यका स्रोतसाधनको क्षेत्रमा पनि राम्रो प्रदर्शन गरेको उल्लेख गरेको छ। सूचकांकमा भारतको कूटनीतिक प्रभाव पनि बढेको देखाइएको छ।

## 10. IMD Weather

मौसम विभागले कोंकण, गोवा, मध्य महाराष्ट्र, गुजरात र मध्य प्रदेशमा शनिबारसम्म भारी वर्षाको सम्भावना रहेको जनाएको छ। आसाम, मेघालय, अरुणाचल प्रदेश, पश्चिम बंगालका हिमाली क्षेत्र र सिक्किममा भोलिसम्म भारीदेखि भारी वर्षाको सम्भावना छ।

## 11. Badminton Macau Open

भारतका किदाम्बी श्रीकान्तले मकाउ ओपन ब्याडमिन्टन प्रतियोगिताको पुरुष एकलको पहिलो चरणमा इजरायलका डेनियल डुबोभेन्कोलाई पराजित गरेका छन्। मिश्रित युगलमा एन सिक्की रेड्डी र बी सुमित रेड्डीले मलेसियाका हो लो ई र लु बिङ कुनलाई पराजित गरे।

## 12. ICC Cricket Ranking

पछिल्लो आईसीसी टेस्ट वरियता क्रममा ऋषभ पन्त शीर्ष १० ब्याट्सम्यानमा परेका छन् । ऋषभ पन्त वरियतामा छैटौं स्थानमा छन् । टेस्ट वरियतामा यशस्वी जैसवाल पाँचौं स्थानमा छन् भने रोहित शर्मा १० औं स्थानमा छन् । विराट कोहली पाँच स्थान झरेर १२ औं स्थानमा परेका छन् । बलिङमा अश्विन पहिलो स्थानमा छन् । जसप्रित बुमराह दोस्रो र रविन्द्र जडेजा छैटौं स्थानमा छन् ।